लक्ष्मी

# श्री सिद्धदेब लेरुवापहाड सामुदायिक वन उपभेक्ता समुह

तुलसीपुर उपमहानगरपालिका वडा न. १३ दाङ

## काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**दोस्रो पटका प्रकाशित मिति - २०८१/०४/२९ (गोरक्ष राष्ट्रिय दैनिक)**

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय दाङबाट संकलन सहमती लिई संकलन गरेको खयर,साल,असना,जामुन,सिसौ र सिमल प्रजातीका काठ दाउरा तुलसीपुर उ.म.न.पा.वडा नं. १३ ढकना भन्ने स्थानको घाटगद्दीमा रहेका निम्न परिमाणको खयर,साल,असना,जामुन,सिसौ र सिमल प्रजातीको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका ब्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिन दाखिला गर्न आह्वान गरिन्छ ।

**लिलाम हुने बन पैदावारको बिबरण**

| जात | ग्रेड | गोलिया थान | काठको आयतन (क्यू.फि.) | न्यूनतम दर रेट प्रति घन फिट | मिश्रीत दाउरा चट्टा | न्यूनतम दर रेट प्रति चट्टा | कटान मुछान खर्च |
|---|---|---|---|---|---|---|---|
| साल | B | ३ | १७.३२ | ९०० | ०.५५ | ८००० | काठ प्रति घ.फि. रु १२० र मिश्रीत दाउरा प्रति चट्टा रु ११४०० का दरले |
| साल | C | २९ | १०३.०५ | ६०० | | | |
| साल | D | १७ | २५.०१ | ३०० | | | |
| असना | C | ४ | २१.५३ | १०० | | | |
| जामुन | C | ४ | ९.०४ | १०० | | | |
| सिसौ | A | ३ | १७.८५ | १२५० | | | |
| सिसौ | B | १० | १९.९९ | १००० | | | |
| सिमल | - | ४ | ४७.७४ | १५० | | | |
| **साल,सिसौ,असना,जामुन,सिमल जम्मा** | | ७४ | २६१.५३ | | | | |
| **खयर जम्मा** | | १०४ | १०६.५४ | १००० | स्यापउड सहित | | |
| **सवै प्रजाती जम्मा** | | १७८ | ३६८.०७ | | | | |

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय २०८१/०५/११ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८१/०५/१२ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -
**(क) सिद्धदेव लेरुवापहाड सा.व.उ.स.को कार्यालय । (ख) डिभिजन बन कार्यालय घोराही दाङ ।**

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक बनको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय तुलसीपुरमा रहेको खाता नं ४१६०१००२००४५२००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

५. प्रति बोलपत्र बापत रु.१०००।- (पछि फिर्ता नहुने) लाग्ने छ र सो रकम पनि उपरोक्त बैंक खातामा जम्मा गरेको भौचर पेश गरे छि मात्र पाईने छ ।

६. लिलाम हुने बन पैदावार तुलसीपुर उ.म.न.पा.वडा नं. १३ ढकनाको घाटगद्दीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्बक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८१/०५/१३ गते बिहान १० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकर्ता प्रतिनिधि (उपस्थित भए पनि नभए पनि) र अन्य ब्यक्तिहरुको रोहबरमा समुहको कार्यालयमा खोलिने छ

८. लिलाममा भाग लिन चाहने ब्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्बर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९. सकार रकम अंक र अक्षरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाइएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको बन पैदावार तोकिएको समयभित्र प्रकिया पुरा गरी लैजानु पर्ने छ ।

१२. थप जानाकारीका लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१३. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुने छ ।